परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ६२ पष्ठ ४ २०८२ पुष ८ गते, मंगलबार 23 December, 2025 मूल्य रु. ५/- हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## महोत्तरीमा ठूलो परिमाणको लागू औषधसहित चार जना पक्राउ, १ हजार ४३६ एम्पुल बरामद

टक नेपाल

महोत्तरीको औरही नगरपालिकाबाट प्रहरीले ठूलो परिमाणको लागू औषधसहित चार जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार औरही नगरपालिका-१ स्थित औरही बजार नजिक बर्दिवास-जलेश्वर सडकखण्डमा शङ्कास्पद अवस्थामा रहेका दुईवटा भारतीय नम्बर प्लेटका मोटरसाइकल रोकी जाँच गर्दा लागू औषधसहित चार जनालाई नियन्त्रणमा लिइएको हो।

विशेष सूचनाका आधारमा आइतबार साँझ ईलाका प्रहरी कार्यालय गौशालाका प्रमुख प्रहरी निरीक्षक रमेश लामाको कमाण्डमा ईलाका प्रहरी कार्यालय रामगोपालपुर तथा लागू औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिवासबाट खटिएको संयुक्त प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सम्सी गाउँपालिका-६ का २१ वर्षीय शेष तनबिरले चलाएको BR३० AQ२२८५ नम्बरको भारतीय मोटरसाइकल र त्यसमा पछाडि सवार भारत बिहार राज्य, सितामढी जिल्ला, बेला थाना-६ का २२ वर्षीय राजु कुमार पक्राउ परेका छन्।



त्यसैगरी अर्को BR३०W३२४ नम्बरको यमाहा कम्पनीको भारतीय नम्बर प्लेटको मोटरसाइकल चालक सम्सी गाउँपालिका-६ कै २१ वर्षीय मुसाहिददुल इस्लाम र पछाडि सवार भारत बिहार राज्य, सितामढी जिल्ला, बेला थाना-६ कनवा निवासी २१ वर्षीय अरबिन्द कुमार मण्डललाई पनि नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

खानतलासीका क्रममा कालो प्लास्टिकको झोलाभित्र लुकाइराखिएको प्रतिबन्धित लागू औषध डाइजेपाम (Diazepam) २ एमएलका ४७४ थान, बुप्रेनोर्फिन (Buprenorphine) २ एमएलका ४८४ थान र प्रोमेथाजिन हाइड्रोक्लोराइड (Phenergan) २ एमएलका ४७८ थान गरी जम्मा १ हजार ४३६ थान एम्पुल बरामद गरिएको छ। साथै, नगद नेपाली रुपैयाँ १४ हजार ९ सय र चार थान मोबाइल फोनसमेत बरामद गरिएको प्रहरीले जनाएको छ।

बरामद लागू औषध, मोटरसाइकल तथा अन्य सामग्रीसहित पक्राउ परेका चारै जनालाई थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि ईलाका प्रहरी कार्यालय गौशालामा राखिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

## जनमत पार्टी अध्यक्ष डा. सिके राउतद्वारा पाँच किलोमिटर सडक शिलन्यास, आवागमन सहज हुने विश्वास



टक नेपाल

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले एक प्रादेशिक निर्वाचन क्षेत्र-एक सडक कार्यक्रमअन्तर्गत सप्तरीको राजविराज नगरपालिका वडा नं. १२ र १३ जोड्ने सिगियौन-खाँडो नदी हुलाकी सडकको सोमबार शिलन्यास गर्नुभएको छ ।

प्रदेश सरकारको कुल १५ करोड ६८ लाख ३३ हजार ३ सय ४१ रुपैयाँ ४९ पैसा लागतमा निर्माण हुने उक्त सडकका लागि डि एण्ड एस केभी जेभी, काठमाडौं सँग २०८२ असार २० गते सम्झौता भएको हो। सम्झौता अनुसार सडक निर्माण कार्य २०८४ असार १९ गतेभित्र सम्पन्न हुने पूर्वाधार विकास कार्यालय सप्तरी राजविराजका प्रमुख कृष्णदेव झाले जानकारी दिनुभयो।

उहाँका अनुसार सडक वस्ती क्षेत्रमा ८ मिटर र खुला क्षेत्रमा १० मिटर चौडाइमा कालोपत्रे गरिनेछ। एक प्रादेशिक निर्वाचन क्षेत्र-एक पाँच किलोमिटर सडक योजनाअन्तर्गत सप्तरी निर्वाचन क्षेत्र नं. २ (२) का लागि यो सडक निर्माण सुरु गरिएको हो।

सडक निर्माणपछि स्थानीयको आवागमन सहज हुने विश्वास स्थानीयवासीहरूले व्यक्त गरेका छन्।

शिलन्यास कार्यक्रममा जनमत पार्टीका उपाध्यक्ष एवं राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा. जयकान्त राउत, मधेश प्रदेशका अर्थमन्त्री महेश प्रसाद यादव, राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परविण, पूर्वाधार विकास कार्यालय सप्तरीका प्रमुख कृष्णदेव झा, जनमत पार्टी सप्तरीका इन्चार्ज रामगमन साह, प्रचार-प्रसार प्रमुख उपेन्द्र साह, जसपा नेपालका नेता लक्ष्मण यादव, विभिन्न वडाध्यक्ष, राजनीतिककर्मी तथा स्थानीयवासीहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

## मधेश प्रदेश सभामुख यादवले लिए शपथ

टक नेपाल

मधेश प्रदेश सभाका नवनिर्वाचित सभामुख रामआशिष यादवले पद तथा गोपनियताको शपथ ग्रहण गरेका छन् । प्रदेश सभाबाट आजै सभामुखमा निर्वाचित भएका यादवले शपथ ग्रहण गरेका हुन् । उनलाई मधेशका प्रदेश प्रमुख सुरेन्द्र लाभले शपथ ग्रहण गराएका थिए । यसअघि आजै बसेको प्रदेश सभामा मत विभाजन प्रक्रियामार्फत सभामुखमा निर्वाचित भएका थिए । उनको विपक्षमा एमालेका त्रिलोकी प्रसादलेसमेत सभामुख पदमा उम्मेदवारी दिएकी थिइन् ।



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### भ्रष्ट उत्पादन गर्ने राजनीतिक कारखाना

राजनीतिक नेतृत्वले 'भिजन' ल्याउने र कर्मचारीतन्त्रले नियम-कानुनको जगमा टेकेर कार्यान्वयन गर्ने शासन सत्ता सञ्चालनको सामान्य मान्यता हो। जहाँ यी दुई पक्षबीच पेसागत सम्बन्ध बलियो र पारदर्शी हुन्छ, त्यहाँको शासन जनमुखी हुन्छ। सुशासन फस्टाउँछ। जहाँ यी दुई पक्षबीच गैरपेसागत र अपारदर्शी सम्बन्ध बलियो बन्छ, त्यहाँ कुशासन मौलाउँछ। नेपालमा लामो समयदेखि दोस्रो खालको सम्बन्ध कायम छ। जसले गर्दा प्रायः विकास आयोजनामा भ्रष्टाचार हुने र त्यसमा राजनीतिक र कर्मचारी वर्गको संलग्नता देखिने गरेको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का निलम्बित महानिर्देशक प्रदीप अधिकारी एउटा पात्र हुन्, जसमार्फत राजनीतिक नेतृत्व र कर्मचारी वर्गबीच झाँगिँदो गैरपेसागत सम्बन्धबाट मुलुक र जनताले बेहोर्नुपरेको अपार हानिको कथा-व्यथा पहिल्याउन सकिन्छ। साथै, यी दुवै वर्गमा अपरिहार्य भइसकेको शुद्धीकरणको अभियानलाई पनि बोध गर्न सकिन्छ। त्यसका लागि कानुनी सुधार, अख्तियारजस्ता अनुसन्धान गर्ने संस्थाको सक्रियता र अदालतको प्राथमिकता पनि अपेक्षित छ।

क्यानका महानिर्देशक अधिकारी गत १७ मंसिरमा पक्राउ परे र त्यही दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीसहित ६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गऱ्यो। भक्तपुरको नलिनचोकमा हेलिपोर्ट निर्माणका क्रममा आर्थिक अनियमितता गरेको अभियोगमा अख्तियारले मुद्दा चलाएको छ। त्यही मुद्दामा पुर्पक्षका लागि अदालतले उनलाई कारागार पठाएको छ। त्यस्तै, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा अस्वाभाविक रूपमा लागत बढाएर राज्यलाई हानि-नोक्सानी पुऱ्याएको अभियोगमा अधिकारीसहित ५६ विरुद्ध सवा आठ अर्ब रुपैयाँ बिगो दाबीसहित मुद्दा दायर भएको छ। अन्य कतिपय प्रकरणमा पनि उनीमाथि अनुसन्धान भइरहेको छ। तर अधिकारीको प्रसंग यतिमा सीमित हुँदैन। मुख्य राजनीतिक दलका नेताहरूसँगको घनिष्ठ सम्बन्ध स्थापित गरेर चढेको पदीय भऱ्याङ, शक्ति आर्जन र भ्रष्टाचारका काण्डहरूको रचनाको विस्तृत दस्तावेज हुन्, उनी। उनीमार्फत एउटा महत्त्वाकांक्षी र भ्रष्ट कर्मचारीको उतारचढाव मात्रै होइन, राजनीतिक नेतृत्वको स्खलनको कथा पनि बुझ्न सकिन्छ। हाम्रो शासन प्रणाली किन जनताभन्दा टाढा भयो भन्ने प्रश्नको सबैभन्दा संक्षिप्त उत्तर हो- प्रदीप अधिकारीको उदय र प्रभाव।

राजनीतिक र कर्मचारी वर्गबीचको गैरपेसागत र स्वार्थ सम्बन्ध प्रस्ट्याउने प्रदीप अधिकारी पछिल्ला पात्र मात्रै हुन्। तर केही वर्षका अन्तरालमा यस्ता पात्रहरू सतहमा आइरहन्छन्। जस्तो कि, सत्ता र शक्तिमा रहेका दलहरूको छत्रछायामा हुर्केका र हुर्काइएका पात्र हुन्, सूचना प्रविधिसम्बन्धी खरिद प्रकरणमा भ्रष्टाचार मुद्दा खेपिरहेका विकल पौडेल र सुनील पौडेल। उनीहरूविरुद्ध आधा दर्जन भ्रष्टाचारका मुद्दा अख्तियारले अदालतसम्म पुऱ्याएको छ।

## डिभिजन बन कार्यालयको अनुरोध

- रुख रोपौँ, वन जोगाऔँ ।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौँ, जैविक विविधतालाई बचाइ राखौँ ।
- खाली जग्गाहरुमा वृक्षरोपण गरौँ, जलवायु परिवर्तको असर न्यनिकरणमा योगदान गरौँ ।
- खोला किनारमा रुख रोपौँ, नदीकटान बाढी रोकथाम गर्दै विपद व्यवस्थापनमा सहयोग गरौँ ।
- आफ्नो टोल, गाउँ, नगर तथा सार्वजनिक स्थल सफा राखौँ, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔँ ।
- प्लाष्टिक झोलाको सट्टामा बैकल्पिक झोलाको प्रयोग गरौँ, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔँ ।
- आफ्नो टोल घर गाउँ वन जंगलमा वृक्षरोपणका लागि आवश्यक विरुवा लिनका लागि नजिकैको डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयमा सम्पर्क गरौँ ।

डिभिजन बन कार्यालय
महोत्तरी, जलेश्वर
फोन : ०४४ ५२०६५४

# चिसोले गरिब बस्तीको जनजीवन कष्टकर

● टक नेपाल



मङ्सिरभरि झलमल्ल घाम लाग्दा सामान्य रहेको यहाँको जनजीवन पुस लागेयता बढ्दै गएको जाडोले प्रभावित बनेको छ।

पुस लागेसँगै ह्वात्तै बढेको चिसोले गरिब बस्ती बढी प्रभावित भएका छन् । जिल्लाको दक्षिणी क्षेत्रमा पुस लागेसँगै बिहानदेखि नै मध्याह्नसम्म बाक्लो हुस्सुले ढाकेर चिसो बतास चल्न थालेसँगै गरिब बस्तीको बिजोग बढेको हो । "यतातिर गत बुधबारदेखि नै मध्यान्हसम्म बाक्लो हुस्सुले ढाक्दै आएको छ, लगातारको चिसो बतासले काममा निस्कन सकिएको छैन", जिल्लाको सुदूर दक्षिणपूर्वी भेगको मटिहानी-८ का ३० वर्षीय युवा इसराफूल राइन भन्नुहुन्छ, "यसले जीवन गुजारामै सकस बढाएको छ।"

जिल्लाको दक्षिणी क्षेत्रमा लाग्दो पुससँगै हुस्सु बढे पनि सुदूर उत्तरी क्षेत्रमा भने गत शुक्रबारदेखि योक्रम बढेको हो । बर्दिवास, गौशाला, औरही र भङ्गाहा नगरपालिका क्षेत्रमा गत बिहीबारसम्म झलमल्ल घाम लागको थियो।

"बिहीबारसम्म त कति राम्रो मौसम थियो, शुक्रबार एक्कासी डम्म हुस्सुले ढाक्यो, त्यसयता जाडो निकै बढ्यो ", गौशाला-१० बटौवा बस्तीका ७० वर्षीय लक्ष्मीप्रसाद कुशवाहा भन्नुहुन्छ, "यो बढ्दो चिसोले अब धेरै टिकिन्न कि जस्तो बनाइसक्यो ।" मध्याह्नपछि हुस्सु फाट्दै गए पनि पारिलो घाम लाग्न नसक्दा र दिनभरि नै चिसो बतास चलिरहँदा जाडोले कुनै काममा निस्कन नसकेको उहाँको भनाइ छ।

यो बढ्दो चिसोले गरिब बस्ती अत्यधिक प्रभावित भएका छन्। अहिले मुसहर, डोम, हलखोर, मेस्तरसहितका अति पिछडिएका गरिब जाति समुदायका बस्तीमा सडकमा फालिएका झुत्रा लुगा, प्लाष्टिक र झित्राझित्री बालिने 'घुर' मात्र सहारा बनेको छ। "लकडीकाठी (दाउरा) कहीँ पाइँदैन, कोही फर्केर हेर्ने आउँदैनन् , के गरौँ रु यही घुरको धुवाँ तापेर जाडो काट्नु परेको छ", भङ्गाहा-४ रामनगरको मुसहरीटोलकी हेमनी सदा मुसहरले भन्नुभयो । बिहानीपख लाग्ने हुस्सुले सडक यातायात र हवाई यातायात सेवा प्रभावित हुन थालेका छन्। बाक्लो हुस्सुकै कारण मध्याह्नअघिका हवाई सेवा धेरैजसो प्रभावित हुँदैछन् । मध्याह्नसम्म हुस्सु राम्ररी फाट्न नसक्दा विमान अवतरणमा समस्या हुने भएर बिहानी सेवा रोकिने गरेको जनकपुर विमानस्थल कार्यालयले जनाएको छ।

यस्तै, एकाबिहानैको समयका सार्वजनिक सडक यातायातका साधनलाई पनि हुस्सु छिचोल्न नसक्दा ठाउँठाउँमा रोकिनुपरेको चालक बताउँछन् । बाक्लो हुस्सुसँगैको चिसो हावा बहने क्रमले बिहान बेलुका जाडो निकै छिप्पिएको छ। चिसो निकै बढेपछि खेतीपाती र बन्दव्यापारका काम ठप्प झैँ भएका छन्। मध्याह्नपछि झल्याकझुलुक देखिने घाम मधुरो हुने र चिसो सिरेटो लगातार चलेपछि बाहिरफेरो निस्कन गारो बन्दै गएको छ। यसले बजारको चहलपहल देखिन छाडेको गौशाला-५ गौशाला बजारका व्यापारी अजय साह बताउनुहुन्छ। एक्कासी बदलिएको मौसमले व्यापार व्यवसायमात्र नभएर नियमित खेतीपातीका काममा बिहानैदेखि लाग्न नसकिएको किसान बताउँछन्। लाग्दो पुसमै यस्तो चिसो बढेपछि यहाँका बुढापाका अझ पछिका दिन कस्तो होला भन्दैछन् । "अहिले नै जाडोले धर्मराएको छ, पुस अझै निकै बाँकी छ, १५ माघ नलागी पारिलो घाम देखिने छाँट छैन, खै कसरी दिन कट्ने हुन् रु", भङ्गाहा-५ सीतापुर बजारमा बस्दै आउनुभएका ८५ वर्षीय हाजी विहारी अन्सारी भन्नुहुन्छ, "चिसोले उठ्न बस्न पनि नसकिने भइयो, दुःख पाइने छाँट छ।"

बढ्दो जाडोले यस भेगका गरिब र दलित बस्ती बढी जोखिममा देखिन्छन्। दैनिक ज्यालादारी गरेर गुजारा गर्नुपर्ने श्रमिक बिहानको काममा जान पातलिएको छ। काममा जान नपाएपछि यो सोझै गुजारासँग जोडिने हुँदा गरिब बस्तीमा भोकभोकै बस्नपर्ने अवस्था पनि बन्दैछ। "मुटु कमाउने जाडो छ, कसरी काममा निस्कने होला रु", औरही-७ भोइलटिम्कियाका ६० वर्षीय घुरन सदा भन्नुहुन्छ, "बनी गर्न ननिस्के मुखमा माड लाग्दैन, अब भोकभोकै पर्ने बेला आउने भयो।" जाडो सबैलाई उतिकै आए पनि आफूहरुको गरिबीले समारिन नसकिएर दुःख बढेको उहाँ बताउनुहुन्छ।

चिसो बढ्दै जाँदा वृद्धवृद्धा, सुत्केरी र स-साना नानीहरुको स्याहार, सम्भार कठिन भएको छ। घरमा पोषणयुक्त ताजा खाना, न्यानो लुगा र घर वरपर सरसफाइमा कमी हुँदा पराले झुप्राका बस्तीहरु बढ्दो जाडोले बढी प्रभावित भएका देखिन्छन्। यसैबीच, महोत्तरीका स्वास्थ्य संस्थाले धमाधम सूचना प्रसारण गराएर चिसोमा आफ्नो घरपरिवारको स्याहार सम्भारमा ध्यान दिन आग्रह गरेका छन्। घरमा आफ्नै वरपर पाइने सागपात र गेडागुडीको झोल खान, बिहान बेलुका अत्यन्त जरुरी काम नपरी बाहिर ननिस्कन, न्यानो ठाउँमा बस्न र घर वरपरको सरसफाइमा ध्यान दिन स्वास्थ्य संस्थाको तर्फबाट सूचना जारी गरिएका छन्। यसबाहेक फोहर कपडा, मिल्किएका कसिङ्गर, झुत्रा प्लाष्टिक र चिसो झ्यास सल्काएर आगो नबाल्न आग्रह गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ। यस्तो आगो बालिएको ठाउँबाट निस्कने धुवाँले पुराना बिरामीको श्वासप्रश्वासको समस्या झनै बढाउने र नयाँमा थपिने स्वास्थ्य कार्यालय प्रमुख नवलकिशोर साह बताउनुहुन्छ।

## VACANCY ANNOUNCEMENT!!!

### Urgent Requirement

**Position:** Area Sales Representative (ASR)
**Number of Vacancy(ies):** 1
**Qualification:** SLC Passed / +2 Completed
**Experience:** Freshers are encouraged to apply or 1–2 years in ISP Internet Sector
**Contract of Employment:** Full-time
**Job Location:** Bardibas, Mahottari
**Salary:** As per company policy

### Skills and Knowledge:

1. Excellent sales and negotiation skills.
2. Good planning and organizational skills.
3. Strong interpersonal and communication skills.
4. Demonstrable and successful sales track record.

For further Details contact on below mention details

**Vianet Communication Ltd.**

To Apply:
Send your resume to sonaliroy@vianet.com.np
Or call at +977 9801227638
Application Deadline: 2025-12-31

## सरकार फेर्नमै व्यस्त मधेश सरकार




गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनपछि तेस्रो मुख्यमन्त्री चयन गरेको मधेश प्रदेशमा सरकारका कामले गति पाएको छैन ।

आफ्नै दल जनमत पार्टीको प्रपञ्च र सरकारमा सहभागी दलले बचन फेरेको भन्दै तत्कालीन मुख्यमन्त्री सतिशकुमार सिंहले गत असोज २८ गते राजीनामा गरेपछि मधेश प्रदेशमा मुख्यमन्त्री लगालग फेरिने क्रम बढेको हो । सिंहको राजीनामा पछि अस्थिर बनेको मधेश सरकारले पछिल्लो समय ३ जना मुख्यमन्त्री फेरेको छ ।

सिंहपछि कांग्रेस-एमालेबाहेकका दलको समर्थनमा लोसपा सांसद जितेन्द्र सोनललाई गत असोज २९ गते मुख्यमन्त्री नियुक्त गरिएको थियो । मुख्यमन्त्रीमा नियुक्त भएको २४ औं दिनमा गत कात्तिक २२ गते विश्वासको मत लिने क्रममा माओवादीका दुई सांसद रहवर अन्सारी र माला कर्णको बिद्रोह तथा जनमतका दुई सांसद सिंह र त्रिभुवन साह अनुपस्थित हुँदा राजीनामा गर्नुपरेको थियो । त्यसपछि, मधेश प्रदेशको सत्तारोहण झन् गिजोलियो । तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८ को ३ बमोजिम सबैभन्दा ठूलो दलको हैसियतले एमालेका संसदीय दलका नेता सरोजकुमार यादव (महोत्तरी)लाई गत कात्तिक २४ गते बर्दिवासको कटेजमा झिसमिसेमा मुख्यमन्त्री नियुक्ति र शपथग्रहण गराएपछि मधेश प्रदेशमा राजनीति गतिरोध चर्किएको थियो ।

असंबैधानिक कदम भन्दै सात दल मुख्यमन्त्रीमा यादवको नियुक्तिबिरुद्ध सर्वोच्च अदालतमा रिट लिएर पुगे । सर्वोच्चको परमादेशअनुसार तत्कालीन मुख्यमन्त्री यादव गत मंसिर १७ गते प्रदेशसभाको बैठकमा विश्वासको मत लिनेक्रममा आफ्नो धारणा राख्दै राजीनामा गरेका थिए । उनी पनि मधेश प्रदेशका २४ औं दिने मुख्यमन्त्री बने । प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले सर्वोच्चकै परमादेशअनुसार सात दलका ७७ जना सांसदको समर्थनमा कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादवलाई गत मंसिर १९ गते मुख्यमन्त्रीमा नियुक्त भएका छन् । मुख्यमन्क्रीमा नियुक्त भएको १५ औं दिनमा शुक्रबार यादवले विश्वासको मत लिएका छन् ।

सरकार बनाउने र फेर्ने ध्याउन्नमै रहँदा मधेश प्रदेश सरकारका मन्त्रालयहरु भने सुस्त बनेका छन् । मधेश प्रदेशमा सरकार स्थिर नहुँदा मन्त्रालयहरुको काम प्रायः ठप्प नै छ । 'सरकार बन्ने र फेरिने क्रमले मन्त्रालयहरुको काम अघि बढ्न सकेको छैन,' खेलकुद तथा समाज कल्याण मन्त्रालयका एक अधिकारीले भने,'मन्त्रालय आउने र फर्किनेबाहेकको काम हुन सकेको छैन ।' खेलकुद तथा समाज कल्याण मन्त्रालय भने असोज २८ गतेदेखि नै मन्त्रीविहीन छ ।


छिटोछिटो सरकार गिर्ने र फेर्ने क्रमले मधेश प्रदेश सरकारको खर्च पनि खुम्चिएको छ । मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष प्रथम त्रैमासिकमा ३.५ प्रतिशत मात्र खर्च गर्न सकेको छ । प्रदेश लेखा नियन्त्रण कार्यालय जनकपुरका अनुसार मधेश सरकारले पहिलो त्रैमासिकमा १ अर्ब ६२ करोड २८ लाख रुपैयाँ मात्र खर्चिएको छ । जसमा चालु बजेटतर्फ १ अर्ब २८ करोड ४२ लाख र पूँजीगत खर्चतर्फ ३३ करोड ८५ लाख रुपैयाँ खर्च गरिएको प्रदेश लेखा नियन्त्रक मनोजकुमार झाले जानकारी दिए ।

# २०२५ मा एआईका कारण ५० हजारभन्दा बढीले गुमाए रोजगारी

● टक नेपाल

गएका केही वर्षयता प्रविधि कम्पनीहरूले निरन्तर रोजगारी कटौती गर्दै आएकोमा सन् २०२५ मा विश्वव्यापी रूपमा यो झनै बढेर गएको देखिन्छ । विशेषगरी आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग, लागत घटाउने दबाब र अपेक्षाभन्दा कमजोर आम्दानी लगायत कारण ठूलो संख्यामा रोजगारी कटौती भएको विश्लेषकहरूको अनुमान छ ।

रोजगारी कटौती ट्र्याकिङ गर्ने 'लेअफ्स डट एफवाईआई' को तथ्यांकअनुसार सन् २०२५ मा विश्वभरका २५७ वटा प्रविधि कम्पनीहरूमा १ लाख २२ हजारभन्दा बढी रोजगारी औपचारिक रूपमा कटौती भएका छन् । द टाइम्स अफ इन्डियाले प्रकासित गरेको रिपोर्टअनुसार कम्तीमा ५० हजारभन्दा बढी कर्मचारी कटौतीलाई कम्पनीहरू स्वयंमले एआई र स्वचालित प्रविधिसँग प्रत्यक्ष रूपमा जोडेर व्याख्या गरेका छन् । सीएनबीसीका अनुसार सेल्सफोर्सले सेप्टेम्बरमा 'कस्टम सपोर्ट' का ४ हजार कर्मचारीलाई कामबाट निकालेको थियो । कम्पनीका अनुसार अब त्यहाँको ५० प्रतिशत काम एआईले नै गर्न सक्छ । भाषा सिकाउन एप 'डुओलिंगो' ले गत अप्रिलमा एआईले गर्नसक्ने काममा 'कन्ट्र्याक्टर' अर्थात बाह्य विज्ञ नराख्ने बताएको थियो । वर्षभर कम्पनीहरूले आफ्ना एआई पूर्वाधार र उपकरणमा लगानी बढाए । साथै, अटोमेसन वा स्वचालनले प्रतिस्थापन गर्न सक्ने वा भविष्यको रणनीतिसँग मेल नखाने भूमिकाका कर्मचारी भने घटाउँदै लाने मनस्थितिमा देखिए । अमेरिकामा मात्रै वर्ष २०२५ मा सबै क्षेत्रमा गरेर ११ लाखभन्दा बढी रोजगारी कटौती भएको विभिन्न तथ्यांकले देखाउँछन् । योसँगै रोजगारी गुम्ने सन्दर्भमा, यो वर्ष कोभिड महामारीपछिको सबैभन्दा खराब वर्ष बनेको छ । प्रविधि क्षेत्रमा ठूला र मध्यम आकारका कम्पनीहरूले सबैभन्दा धेरै रोजगारी कटौती गरे । इन्टेलले करिब २४ हजार कर्मचारीलाई अवकास दिँदै वर्षकै सबैभन्दा ठूलो रोजगारी कटौती गरेको थियो । चिप निर्माण र उत्पादन रणनीति पुनर्संरचनाका क्रममा प्रतिस्पर्धी दबाब र ठूलो पूँजी खर्चलाई सो कम्पनीले मुख्य कारणका रूपमा प्रस्तुत गरेको थियो । अमाजनले करिब १४ हजार कर्पोरेट पद स्थगन गर्‍यो । यसलाई पनि व्यवस्थापन तह सरल बनाउने र आन्तरिक प्रक्रियाहरूमा एआईको प्रयोग विस्तार गर्ने योजनासँग जोडियो । यसैगरी, माइक्रोसफ्टले हजारौँ कर्मचारी हटायो । गेमिङ र ग्राहक सहायता एकाइमा काम गर्ने करिब ९ हजारजनाको रोजगारी गुमेको थियो । तर, कम्पनीले एआई अनुशन्धान, क्लाउड र डेटा सेन्टरमा लगानी र नयाँ सिपका कर्मचारी भर्ती भने निरन्तर बढाइरहेको जनाएको छ । भारतको आईटी सेवा क्षेत्रमा टाटा कन्सल्टेन्सी सर्भिसेजले करिब २० हजार रोजगारी कटौती गर्‍यो । कम्पनीले एआई र स्वचालनका कारण ग्राहकको माग र आवश्यक सीपबीच असन्तुलन बढेको व्याख्या गरेको थियो । टेकक्रन्च, बिजनेस इन्साइडर र फास्ट कम्पनीका रिपोर्टहरूले पनि ठूलो संख्याका इन्टरप्राइज सफ्टवेयर, परामर्श, साइबर सुरक्षा र प्लाटफर्म कम्पनीहरूमा यस्तै प्रवृत्ति देखिएको जनाएका छन् । एकातर्फ नियमित प्राविधिक कर्मचारीहरू हटाउने तर अर्कोतर्फ लाखौँ डलर खर्च गरेर अर्को कम्पनीका विज्ञ भित्र्याउने मेटाका मालिक मार्क जकरबर्गको पनि वर्ष २०२५ मा राम्रै चर्चा भएको थियो । सीएनबीसीसँगको कुराकानीमा कतिपय विज्ञहरूले कर्मचारी निष्कासनका लागि एआई बहाना मात्रै भएको प्रशंग पनि औँल्याएका छन् । यसलाई उनीहरूले 'एआई-वासिङ' को संज्ञा दिएका छन् । यसको अर्थ, आफ्नो व्यावसायिक असफलता वा खर्च कटौती गर्ने पुरानो रणनीतिलाई लुकाउन उनीहरूले एआईलाई बहाना बनाएर कर्मचारी निकालिरहेका हुन सक्छन् । तर, यो कटौती प्रवृत्ति प्रविधि क्षेत्रमा मात्र सीमित रहेन । अमेरिकामा कटौती भएका ११ लाख ७० हजारभन्दा बढी रोजगारीमा खुद्रा व्यापार, उत्पादन, व्यवस्थापन र वित्तीय सेवामा पनि उल्लेख्य संख्यामा कर्मचारी हटाइएका छन् ।



विश्लेषकहरूले ब्याजदर, कमजोर उपभोक्ता माग र लागत दबाबलाई कारणका रूपमा औँल्याए पनि, धेरै कम्पनीहरूले एआई र स्वचालनलाई नै प्रत्यक्ष कारणका रूपमा सार्वजनिक गरेका छन् । केही कम्पनीले एआई प्रविधिका कारण उत्पादकत्व (प्रोडक्टिभिटी) बढेपछि प्रशासनिक, सहयोगी र नियमित भूमिकामा कम जनशक्ति हुँदा पर्याप्त हुने उल्लेख गरेका छन् । एआईले प्रत्यक्ष विस्थापित गर्न नसक्ने भूमिकाहरूलाई पनि एआई र अन्य प्रविधिको सहयोगमा घटाउँदै लाने प्रवृत्ति कम्पनीहरूमा देखिएको छ ।

सन् २०२६ तर्फ हेर्दा कटौतीको यो ट्रेन्ड जारी रहने श्रम बजार विश्लेषकहरूको अनुमान छ । अटोमेसनको सम्भावना रहेका कुनै पनि काम मानिसको सट्टा मसिनलाई लगाउने प्रवृत्तीका कारण श्रम बजारमा दबाब कायम रहने अनुमान गरिएको छ। म्याकिन्से र गोल्डम्यान स्याक्सका पछिल्ला अध्ययनहरूले जेनेरेटिभ एआईले विश्वव्यापी रूपमा ठूलो संख्यामा प्रशासनिक र ज्ञानमा आधारित काम विस्थापित गर्न सक्ने चेतावनी दिएका छन् ।

बिजनेश इन्साइडरले हालको कटौतीलाई 'कार्य संरचना नै बदल्ने विघटनकारी प्रविधिको प्रभाव' भनी उल्लेख गरेको छ । यसलाई इन्टरनेट र मोबाइल प्रविधिले ल्याएको परिवर्तनसँग तुलना गरेको छ । एआईमा लगानी बढ्दै जाँदा सीमित क्षेत्रमा मात्रै रोजगारी सिर्जना केन्द्रित हुनु श्रमिक र नीतिनिर्माताका लागि दीर्घकालीन चुनौती बन्दै गएको संकेत २०२५ का तथ्यांकले दिएका छन् ।

**डेंगी रोग बाट कसरी बच्ने?**

**लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छ:-**

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

**औरही नगरपालका**
नगर कार्यपालिको कार्यालय
औरही,महोत्तरी

**सांस्कृतिक सम्पदाहरुको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।**

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

**गौशाला नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

# बर्दिवासमा अवैधानिक उत्खननको श्रृंखला खुल्दै, जेसिवी र चालक पक्राउ



टक नेपाल

महोत्तरीको बर्दिवासमा सार्वजनिक जग्गामा भइरहेको अवैधानिक उत्खननविरुद्ध कारबाही तीव्र बनेको छ। सोमबार वनको गस्ती टोलीले बर्दिवास-विजलपुरा क्षेत्रमा उत्खनन गरिरहेको अवस्थामा एउटा जेसिवी पक्राउ गरेसँगै अवैधानिक उत्खननको अर्को विकृति उजागर भएको हो। नगर क्षेत्रमा भइरहेको अवैधानिक उत्खननमा स्थानीय जनप्रतिनिधि र कर्मचारीहरूको मिलोमतो रहेको आरोप लागिरहेका बेला एउटै स्थानबाट श्रृंखलाबद्ध रूपमा सवारीसाधन पक्राउ पर्नुले थप आशंका उत्पन्न गरेको छ। उत्खननमा संलग्न भएको आरोपमा गस्ती टोलीले धनुषाको क्षिरेश्वर नगरपालिका निवासी जेसिवी चालक राकेश यादव र बर्दिवास-१२ का सहचालक सत्रुधन महतोलाई नियन्त्रणमा लिएको छ। यसअघि पनि करिब दुई महिना अगाडि सोही स्थानबाट ००६८ र ९५११ नम्बरका टिपर तथा जेसिवी पक्राउ परेका थिए। करोडौं रुपैयाँ राजस्व छली भएको आरोपमा रातारात उत्खनन गर्नेहरूलाई कर्मचारीको मिलोमतोमा उन्मुक्ति दिइएको प्रमाण फेला परेपछि २८ मंसिरमा 'सार्वजनिक क्षेत्रमा अवैधानिक उत्खनन, वन कार्यालयकै उन्मुक्ति' शीर्षकमा समाचार प्रकाशन गरेको थियो।

जरिवाना तिरेर अपराध स्वीकार गरिसक्दा पनि छानबिन प्रक्रियालाई ओझेल पार्ने गरी प्रतिवेदन बनाएको आरोप लागेपछि जिल्ला वन कार्यालयले यसपटक अर्का अधिकृत उमेश मण्डललाई अनुसन्धानमा खटाएको छ। उक्त जरिवाना चुरिमाई वासिङ सेन्टरका सञ्चालक विजय साहले तिरेको बर्दिवास नगरपालिकाको राजस्व शाखाले पुष्टि गरिसकेको छ। त्यतिबेला नै उत्खनन स्थलको अनौपचारिक मापन गर्दा करोड रुपैयाँभन्दा बढी राजस्व छली भएको जिल्ला समन्वय समितिको निष्कर्ष थियो।

'हामी अनुगमनमा जाँदा अत्यन्तै भयावह ढंगले दोहन भएको देखेका थियौं,' जिल्ला समन्वय समितिका सभापति सुमनलाल कर्णले भने, 'म स्वयं वनका कर्मचारीलाई खबर गरेर सँगै गएको थिएँ। संलग्नलाई पक्राउ गरेर अनुसन्धान अगाडि बढ्ने आशा गर्दा-गर्दै दुई महिना बित्यो, अहिले फेरि त्यही स्थानबाट पक्राउ पर्नु गम्भीर विषय हो।'

संलग्नहरूले जरिवाना तिरेको प्रमाण नै तस्करीको आधार भए पनि यसअघिजस्तै ढाकछोप नहोस् भन्ने अपेक्षा गर्दै सभापति कर्णले यसपटक गहिरो अनुसन्धान हुने विश्वास व्यक्त गरे। उता जिल्ला वन कार्यालय प्रमुख अजय मिश्रले कर्मचारीबाट त्रुटि भए पनि अब दोहोरिन नदिने र अनुसन्धानलाई निष्कर्षमा पुऱ्याइने प्रतिबद्धता जनाएका छन्।

**स्थानीय सरकारमाथि बढ्दो आशंका**

स्थानीय क्षेत्रमा वातावरणीय विनाश हुने गरी दोहन भइरहँदा पनि बेवास्ता गरिएको भन्दै बर्दिवासको स्थानीय सरकारमाथि सर्वसाधारणको आशंका बढ्दै गएको छ। करोडौंको क्षति हुँदाहुँदै पनि वास्तविक क्षतिको एकिन नगरी जरिवानामै सीमित हुनु सरकारी भूमिकामाथि प्रश्न उठाउने कारण बनेको छ।

## रामआशिष यादव :

# कक्षा कोठादेखि सभामुखको आसनसम्म

टक नेपाल



पुस ६ गते बसेको मधेस प्रदेश सभा बैठकले जनता समाजवादी पार्टी (जसपा) नेपालका रामआशिष यादवलाई सभामुख पदमा निर्वाचित गऱ्यो। प्रदेश सभामा उपस्थित ९६ सांसदमध्ये ७२ जनाले उनलाई सभामुख पदका लागि मत दिए भने २४ मत विपक्षमा गयो।

सत्ता पक्षका सात दलीय गठबन्धनको समर्थनमा उनी सहज बहुमतका साथ सभामुख निर्वाचित भए। प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले सोही साँझ उनलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराए। यससँगै मधेस प्रदेशको विधायिकालाई मर्यादित, प्रभावकारी र सन्तुलित ढंगले अगाडि बढाउने जिम्मेवारी यादवको काँधमा आइपरेको छ।

रामआशिष यादवले शिक्षकका रूपमा सार्वजनिक जीवनको पहिलो पहिचान बनाएका थिए। शिक्षक जीवनको प्रारम्भमा उनले काभ्रेपलाञ्चोकको ज्याम्दीस्थित बागदेवी माध्यमिक विद्यालयमा अंग्रेजी विषय पढाए। सरुवा भएर जनकपुरधाम आएपछि उनको जीवनले नयाँ मोड लियो। यहाँ उनले शिक्षणसँगै पत्रकारितालाई सक्रिय रूपमा अघि बढाए।

रेडियो नेपालसहित विभिन्न सञ्चारमाध्यममा काम गर्दै उनले मधेसका आवाजलाई राष्ट्रिय बहसमा पुऱ्याउने काम गरे। जनकपुरबाट दैनिक पत्रिका प्रकाशित गर्ने, एफएम रेडियो सञ्चालन गर्ने र टेलिभिजन क्षेत्रमा समेत संलग्न रहँदै उनले पत्रकारितालाई पेसामात्र होइन, सामाजिक हस्तक्षेपको माध्यम बनाए।

भाषा, पहिचान, अधिकार, शिक्षा सुधार र समावेशी विकास उनका पत्रकारिताका मुख्य विषय थिए। उनले भावनात्मक उग्रताभन्दा तथ्य र तर्कमा आधारित बहसलाई प्राथमिकता दिए। यही कारण २०६७ सालमा उनी नेपाल पत्रकार महासंघ धनुषाको सभापति निर्वाचित भए। त्यो समय मधेस आन्दोलनपछिको संवेदनशील कालखण्ड थियो। यादवले पत्रकारितालाई समाज जोड्ने पुलको रूपमा प्रयोग गरे।

**पारिवारिक जीवन**

रामआशिष यादवको सामाजिक र राजनीतिक चेतनाको जग उनको पारिवारिक जीवनमै देखिन्छ। उनी जनकपुरधामबाट करिब तीन किलोमिटर पूर्व कनकपट्टी गाउँका स्थायी बासिन्दा हुन्। गाउँकै विद्यालयबाट एसएलसी उत्तीर्ण गरेका उनले स्नातकसम्म अध्ययन गरेका छन्।

उनको परिवार सधैं सामाजिक जिम्मेवारीमा अग्रसर रह्यो। उनका जेठा दाजु प्रधानपञ्च र माइला दाजु गाविस अध्यक्ष थिए। घरमै सार्वजनिक सेवा, मेलमिलाप र नेतृत्वका अभ्यास देखेर हुर्किएका यादवका लागि समाजसेवा स्वाभाविक कर्म बन्यो।

यादवकी श्रीमती सामाजिक रूपमा सचेत र सहयोगी स्वभावकी छन्। यादवको राजनीतिक र सामाजिक यात्रामा पारिवारिक समर्थन निर्णायक रहेको नजिकका साथीहरू बताउँछन्। परिवारले उनलाई सत्ता होइन, सेवा रोज्न प्रेरित गरेको उनी स्वयं स्विकार्छन्।

**जनकपुर सफाइ अभियान**

रामआशिष यादवको सार्वजनिक पहिचान जनकपुर सफाइ अभियानसँग पनि जोडिएको छ। फोहर र अव्यवस्थाको प्रतीकजस्तो बनेको गंगासागर पोखरी सफा गर्ने अभियानमा उनले नेतृत्व लिए।

साथीहरू, युवाहरू र स्थानीय बासिन्दालाई संगठित गर्दै उनले चलाएको अभियानले गंगासागरको रूपमात्र बदलिएन, जनकपुरको सामूहिक चेतना नै रूपान्तरण गऱ्यो।

२०७१ जेठ २५ गते गंगा दशहराको अवसरमा सुरु गरिएको गंगा आरती अहिले जनकपुरको धार्मिक, सांस्कृतिक र पर्यटकीय पहिचान बनेको छ। हरेक साँझ आयोजना हुने आरतीमा स्वदेशी तथा विदेशी पर्यटकको उल्लेखनीय उपस्थिति हुन्छ।

राजनीतिक जीवन

२०४५ सालमा नेपाल विद्यार्थी संघबाट राजनीतिमा प्रवेश गरेका यादव पछि संघीय समाजवादी फोरम (हाल जसपा नेपाल)मा आबद्ध भए। सामाजिक अभियानपछि उनको राजनीतिक सक्रियता अझ स्पष्ट र संगठित बन्यो।

पहिलो प्रदेश सभा निर्वाचनमा धनुषा क्षेत्र नम्बर २ (२) बाट निर्वाचित भएपछि पार्टीले उनलाई संसदीय दलको उपनेताको जिम्मेवारी दियो। उनले सदनमा सामाजिक बेथिति, वातावरणीय समस्या, शिक्षा र मातृभाषाका विषयमा निरन्तर आवाज उठाए।

उनको कामलाई जनताले रुचाए। परिणामस्वरूप उनी दोस्रो पटक पनि प्रत्यक्ष निर्वाचित भए। पार्टीले उनलाई प्रमुख सचेतक बनायो, जहाँ उनले संसदीय अनुशासन, रणनीति र समन्वयमा महत्त्वपूर्ण भूमिका खेले।

**चुनौतीपूर्ण जिम्मेवारी**

यसअघिका सभामुख रामचन्द्र मण्डललाई पदअनुकूल आचरण नगरेको आरोपमा सात दलले दुई तिहाई बहुमतका साथ पदमुक्त गरेका थिए। त्यसपछि रिक्त पदमा यादव निर्वाचित भएका हुन्।

अब उनको काँधमा सदनको गरिमा बढाउने, सबै पक्षलाई समेटेर अघि बढ्ने र सदनका काम-कारबाहीलाई प्रभावकारी बनाउने जिम्मेवारी छ। यो जिम्मेवारीलाई आफूले इमानदार भएर पूरा गर्ने उनको भनाइ छ।

'संघीयतालाई बलियो बनाउन कार्यपालिका र व्यवस्थापिकाबिच सन्तुलन आवश्यक छ,' सभामुख यादवले भने, 'प्रदेश सभा जनताको भरोसायोग्य संस्था बन्नुपर्छ।'

जनकपुरका सामाजिक अभियन्ता सुरेश शर्माका अनुसार सभामुख यादव शिक्षा, समाज सुधार र वातावरणमा स्पष्ट दृष्टिकोण भएको नेता हुन्। परिवारबाट पाएको संस्कार, शिक्षक पेसामा रहँदा सिकेको धैर्य, पत्रकारका रूपमा विविध क्षेत्रमा प्रश्न उठाउने र अभियन्ताका रूपमा समाजलाई सुधार गर्न र बेथिति हटाउन निर्वाह गरेको भूमिकाबाट बहुआयामिक अनुभव सँगालिसकेका रामआशिष यादव अब मधेस प्रदेशको विधायिकाको नेतृत्वमा छन्। उनको कार्यकालमा प्रदेश सभा कति मर्यादित, प्रभावकारी र जनमुखी हुन्छ, त्यसको मूल्याङ्कन समयले गर्नेछ, तर उनको यहाँसम्मको यात्रा मधेसकै राजनीतिमा एउटा सशक्त उदाहरण बनेको छ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014